# स्थानीय राजपत्र

खण्डः २ कीर्तिपुर, बैशााख २५ गते, २०७६ साल संख्या १२

**भाग-२**

**कीर्तिपुर नगरपालिका**

**संवत २०७६ सालको कार्यविधी नं. १२**


## एम्बुलेन्स, शव बाहन सञ्चालन तथा सहयोग सम्वन्धी कार्यविधि, २०७५

प्रस्तावनाः

कीर्तिपुर नगरपालिका तथा सिमा जोडिएका नगर तथा गाउँ पालिकामा बसोबास गरेका आम नागरिकको स्वास्थ्य सेवामा थप उपचारका लागि विभिन्न स्वास्थ्य संस्था लगायत अस्पतालमा ल्याउन, लगिन आवश्यक सुविधा पु-याउने हेतुले यस क्षेत्रमा एम्बुलेन्स तथा शव बाहन सेवा सञ्चालन गर्न अति जरुरी भएकाले कीर्तिपुर नगर कार्यपालिकाले यो एम्बुलेन्स, शब बाहन सञ्चालन तथा सहयोग सम्वन्धी कार्यान्वयन कार्यविधि, २०७५ तयार गरिएको छ।

### परिच्छेद १

### सक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको नामः एम्बुलेन्स, शब बाहन सञ्चालन तथा सहयोग सम्वन्धी कार्यान्वयन कार्यविधि, २०७५ रहनेछ।

१.२ कार्यविधि स्वीकृत भए पश्चात लक्षित वर्गमा तोकिएको वर्षबाट यो कार्यविधि कार्यान्वयनमा आउनेछ।

१.३ यो कार्यविधि कीर्तिपुर नगरपालिकाको हकमा लागु हुनेछ।

## परिच्छेद २

## परिभाषा र व्याख्या

**विषय र प्रसंगले अर्को अर्थ नलागेमाः**

२.१ ' नगरपालिका ' भन्नाले कीर्तिपुर नगरपालिका जनाँउछ।

२.२ 'संस्था' भन्नाले स्वास्थ्य संस्थाहरुलाई जनाँउछ।

२.३ विरामी भन्नाले स्वास्थ्य उपचारका लागि संस्थामा उपचारका लागि लग्नु पर्ने व्यक्ति बुझाउछ ।

२.४ विपन्न भन्नाले नगरपालिकाले तोकेको न्यून आय भएको स्थानीय बासीलाई जनाउछ ।

२.५ ' कार्यविधि ' एम्बुलेन्स, शब बाहन सञ्चालन तथा सहयोग सम्वन्धी कार्यविधि २०७५ लाई जनाँउछ।

२.६ 'शाखा भन्नाले नगरपालिकाको स्वास्थ्य शाखालाई जनाँउछ।

२.७ 'अनुदान' भन्नाले तोकिएको आधारमा छनौट भएका एम्बुलेन्स तथा शब बाहन सञ्चालकहरुलाई नगरपालिकाबाट प्रदान गरिएको सहयोग रकमलाई जनाउँछ।

## परिच्छेद ३

३. एम्बुलेन्स, शब बाहन सञ्चालन तथा सहयोग सम्वन्धी कार्यविधिका उद्देश्यहरुः

३.१ यस कार्यविधि उद्देश्यहरु देहाय अनुसार रहेको छः

(क) कीर्तिपुर नगरपालिका तथा सिमा जोडिएका नगर तथा गाउँ पालिकामा बसोबास गरेका आम नागरिकको स्वास्थ्य सेवामा थप उपचारका लागि विभिन्न स्वास्थ्य संस्था लगायत अस्पतालमा ल्याउन, लगिन आवश्यक सुविधा पु-याउने

(ख) यस क्षेत्रमा निजि तथा संस्थागत रुपमा सञ्चालित एम्बुलेन्स तथा शब बाहन सेवालाई सहयोग गर्ने

(ग) नगरपालिकाले शाखा तथा उपशाखा मार्फत एम्बुलेन्स तथा शब बाहन सञ्चालन गर्ने ।

(घ) एम्बुलेन्स तथा शब बाहन सञ्चालनका लागि आन्तरिक तथा बाह्य (बैदेशिक समेत) सहयोग जुटाउनका लागि आवश्यक काम गर्ने ।

## परिच्छेद ४

**एम्बुलेन्स तथा शव बाहन सञ्चालन सम्बन्धी व्यवस्थाः**

४.१ एम्बुलेन्स तथा शव बाहन सञ्चालनको व्यवस्था

४.१.१ नगरपालिकाले आवश्यक प्रक्रिया पु-याई आफ्नै शाखा तथा उपशाखा मार्फत एम्बुलेन्स तथा शव बाहन सञ्चालन गर्न सकिनेछ।

४.१.२ नगर क्षेत्रमा कार्यालय राखी एम्बुलेन्स तथा शव बाहन सेवा सञ्चालन गरेका/भएका निजि तथा संस्थालाई आर्थिक तथा भौतिक सहयोग गर्न सकिनेछ।

४.१.३ नगर क्षेत्रमा स्थायी बसोबास गर्ने विपन्न तथा न्यून आय भएका तथा बेवारिसेहरुलाई गरेको एम्बुलेन्स तथा शव बाहन सेवाको सम्बन्धीत निजि तथा संस्थालाई शोधभर्ना गर्न सकिनेछ।

४.१.४ बुदाँ नं ४.१.१, ४.१.२ र ४.१.३ अनुसार एम्बुलेन्स तथा शव बाहन सेवा सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्न सकिनेछ।

## परिच्छेद ५

## विविध

७. प्रचलित कानून बमोजिम हुने : यस कार्यविधिमा उल्लेख भएका प्रवधानहरु यसै कार्यविधि बमोजिम हुने र यसमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

८. बाधा अडकाउ फुकाउ : यस कार्यविधि कार्यान्वयनमा कुनै वाधा अड्चन आएमा कार्यपालिकाले निर्णय बमोजिम हुनेछ ।

९. संशोधन तथा खारेजी : यो कार्यविधिको संशोधन वा कुनै नियम खारेजी गर्नु परेमा कार्यपालिकाले  निर्णय गरी आवश्यक संशोधन गर्न सक्नेछ ।

**प्रमाणिकरण मितिः- २०७६/०१/२५**

आज्ञाले
(ध्रुवराज आचार्य)
प्रमुख प्रशासकीय अधिकृत